विधेयक सङ्ख्या:

# आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यको लागि कर्णाली प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२०८०
कर्णाली प्रदेश सभा सचिवालय
वीरेन्द्रनगर, सुर्खेत

# आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यको लागि कर्णाली प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावनाः आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यको लागि कर्णाली प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "कर्णाली प्रदेश विनियोजन ऐन, २०८०" रहेको छ।

(२) यो ऐन संवत् २०८० साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोग" भन्नाले कर्णाली प्रदेश योजना आयोग सम्झनु पर्छ।

(ख) "निकाय" भन्नाले यस ऐन बमोजिम बजेट विनियोजन हुने मन्त्रालय, सचिवालय, आयोग, निर्देशनालय र कार्यालय सम्झनु पर्छ र सो शब्दले यस ऐन बमोजिम बजेट



मन्त्री

विनियोजन भएका सङ्घ र स्थानीय तहका निकायलाई समेत जनाउँछ।

(ग) "बजेट सूचना प्रणाली" भन्नाले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(ङ) "विषयगत मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम कार्यक्षेत्र तोकिएका मन्त्रालय सम्झनु पर्छ।

३. <u>आर्थिक वर्ष २०८०/०८१ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकारः</u> आर्थिक वर्ष २०८०/०८१ को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम एक करोड एक्काइस लाख त्रिचालिस हजार रुपैयाँ बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च र महल ५ मा उल्लिखित पुँजीगत खर्चको रकम समेत गरी महल ६ मा उल्लिखित जम्मा तेत्तीस अर्ब छत्तीस करोड पचहत्तर लाख चौसट्ठी हजार रुपैयाँमा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

मन्त्री

४. <u>**विनियोजन:**</u> (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को लागि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान सङ्ख्यामा बचत हुने र कुनै अनुदान सङ्ख्यामा अपुग हुने देखिन आएमा मन्त्रालयले बचत हुने अनुदान सङ्ख्याबाट अपुग हुने अनुदान सङ्ख्यामा रकम सार्न सक्नेछ। त्यसरी रकम सार्दा घटाउने अनुदान सङ्ख्याको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदानबाट अर्को एक वा एकभन्दा बढी अनुदानमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा सार्न सकिनेछ।

तर,

(क) एउटै अनुदान सङ्ख्याभित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा यो सीमा लागू हुने छैन।

मन्त्री

(ख) पुँजीगत खर्चतर्फका शीर्षकमा विनियोजित रकम त्यस्तो खर्चतर्फका शीर्षक बाहेक चालु खर्च शीर्षकमा रकमान्तर गर्न सकिने छैन।

(३) स्थानीय तहका लागि अनुदान सङ्ख्या ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान रकम अन्य अनुदान सङ्ख्यामा र अर्को स्थानीय तहमा रकमान्तर गरी सार्न पाइने छैन।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान सङ्ख्या ५०१ को अर्थ वित्तीय व्यवस्था र अनुदान सङ्ख्या ६०२ को अर्थ विविधमा विनियोजन भएको रकम चालु, पुँजीगत र वित्तीय व्यवस्थाका जुन शीर्षकमा निकासा र खर्च हुने हो सोही शीर्षकमा आवश्यक रकम रकमान्तर तथा कार्यक्रम संशोधन गरी थप गर्न वा घटाउन र खर्च जनाउन मन्त्रालयलाई बाधा पर्ने छैन।

(५) कर्णाली प्रदेशभित्र विपद् वा महामारीका कारण अत्यावश्यक कार्य गर्नुपर्ने अवस्था भएमा सम्बन्धित जिल्लाको विपद् व्यवस्थापन समितिको सिफारिसमा कर्णाली प्रदेश सरकारले निर्णय गरी अनुसूची-२ मा उल्लिखित अनुदान सङ्ख्यामध्ये बचत हुन आउने जुनसुकै अनुदान सङ्ख्याबाट सम्बन्धित अनुदान सङ्ख्यामा रकमान्तर गर्न सकिनेछ।

मन्त्री

(६) यस ऐन बमोजिम विनियोजित रकमको निकासा तथा खर्च व्यवस्थापन कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम हुनेछ।

५. <u>अन्तर-सरकारी वित्तीय हस्तान्तरण:</u> (१) अनुदान सङ्ख्या ८०१ को रकम कानून बमोजिम खर्च गर्ने गरी वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रुपमा सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले हस्तान्तरण गर्नेछ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान चार किस्तामा बराबर हस्तान्तरण गरिनेछ। त्यसरी हस्तान्तरण गर्दा पहिलो किस्ता भाद्र सात गते, दोस्रो किस्ता कार्तिक सात गते, तेस्रो किस्ता माघ सात गते र अन्तिम किस्ता वैशाख सात गतेभित्र हस्तान्तरण गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित स्थानीय तहले अघिल्लो आर्थिक वर्षमा हस्तान्तरित रकमको उपलब्धि सहितको आर्थिक विवरण पेश नगरेमा दोस्रो र त्यसपछिका किस्ता बापतको रकम हस्तान्तरण गरिने छैन।

(४) उपदफा (१) बमोजिमको अनुदान रकममध्ये सशर्त अनुदान रकमको एक चौथाइले हुन आउने रकम

मन्त्री

सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रत्येक आर्थिक वर्षको भाद्र सात गतेभित्र हस्तान्तरण गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम हस्तान्तरण भएको अनुदान रकमको प्रगतिको आधारमा थप रकम हस्तान्तरण गर्नु पर्नेछ।

(६) प्रदेश सरकारबाट स्वीकृत कार्यविधि बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले स्थानीय तहलाई समपूरक र विशेष अनुदानको रकम हस्तान्तरण गर्नु पर्नेछ।

(७) यस दफा बमोजिम हस्तान्तरण भएको सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकममध्ये आषाढ मसान्तसम्म खर्च नभई बाँकी रहेको रकम सम्बन्धित स्थानीय तहले साउन पन्ध्र गतेभित्र प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम रकम दाखिला नगर्ने स्थानीय तहलाई चालु आर्थिक वर्षमा हस्तान्तरण हुने अनुदान रकमबाट कट्टा गरी समायोजन गरिनेछ।

(९) मन्त्रालयले माग गरेको वित्तीय तथा भौतिक प्रगति विवरण पेश नगर्ने स्थानीय तहलाई उपदफा (१) बमोजिम उपलब्ध गराइने जुनसुकै अनुदान रकम रोक्का गर्न सक्नेछ।





(१०) मुलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजस्व सङ्कलन नभएमा र सङ्घीय सरकारबाट प्रदेशलाई हस्तान्तरण हुने रकममा न्यूनता आएमा वित्तीय समानीकरण अनुदानको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम सङ्कलित राजस्वको अनुपातका आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेश सरकारले पुनः निर्धारण गरी हस्तान्तरण गर्न सक्नेछ।

६. <u>आयोजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः</u>

(१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायमा रहेको कार्यक्रम वा आयोजना स्थानीय तह मार्फत गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा स्थानीय तहले कार्यान्वयन गर्ने गरी निर्णय गर्नुपर्नेछ।

तर सङ्घीय सरकारबाट तोकिएकोमा बाहेक सङ्घीय सशर्त, समपूरक र विशेष अनुदानको रुपमा प्रदेश सरकारलाई प्राप्त कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहमा अख्तियारी प्रदान गर्न तथा हस्तान्तरण गर्न पाइने छैन।

(२) मन्त्रालयको सहमति र विषयगत मन्त्रालयको प्रस्तावमा दीर्घकालीन दायित्व नपर्ने गरी सङ्घीय सरकारको कार्यक्षेत्रमा पर्ने, अत्यावश्यक देखिएको र सङ्घीय बजेट तथा कार्यक्रमले सम्बोधन नगरेको विषयमा कुनै कार्यक्रम वा



मन्त्री

आयोजना सङ्घीय सरकार अन्तर्गतको निकाय मार्फत कार्यान्वयन हुने गरी प्रदेश सरकारले निर्णय गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा सङ्घीय सरकारको सम्बन्धित मन्त्रालय र सङ्घीय अर्थ मन्त्रालयको सहमति प्राप्त भएको हुनु पर्नेछ।

(४) प्रदेश सरकारको बजेट तथा कार्यक्रममा परेको विषय सङ्घीय सरकार अन्तर्गतको कार्यालयबाट कार्यान्वयन गर्नुपर्ने औचित्य र आवश्यकता देखिएमा सम्बन्धित सङ्घीय मन्त्रालय र सङ्घीय अर्थ मन्त्रालयको सहमतिमा विषयगत मन्त्रालयले कुनै कार्यक्रम वा आयोजना सङ्घीय सरकार अन्तर्गतको कार्यालय मार्फत कार्यान्वयन गराउन सक्नेछ।

(५) यस ऐन बमोजिम स्थानीय तहमा सशर्त अनुदान अन्तर्गतका कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा स्पष्ट उपलब्धि र कार्ययोजना सहित थप रकम माग भइ आएमा कार्यक्रम वा आयोजनाको प्रगति, उपयुक्तता र स्रोतको उपलब्धताको आधारमा प्रदेश सरकारले थप रकम उपलब्ध गराउन सक्नेछ।

(६) कुनै स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कार्यक्रम वा आयोजना सम्बन्धित स्थानीय तहले प्रदेश सरकार मातहतको कार्यालयबाट कार्यान्वयन गराउन

मन्त्री

अनुरोध गरेमा विषयगत मन्त्रालय र मन्त्रालयको स्वीकृतिमा सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन सकिनेछ।

(७) उपदफा (१), (२), (४), (५) र (६) बमोजिम कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा सो को जानकारी सम्बन्धित मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, स्थानीय तह र प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ।

(८) उपदफा (६) बमोजिम कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा स्थानीय तहले प्रदेश सरकारको सम्बन्धित निकायको नाममा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा रहेको कार्य सञ्चालन कोष खातामा जम्मा हुने गरी रकम निकासा दिनु पर्नेछ।

७. <u>लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण:</u> यस ऐन बमोजिम प्रदेश सरकारबाट विनियोजित वा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम वा आयोजना अख्तियारीको रुपमा स्थानीय तह वा सङ्घीय सरकार अन्तर्गतका कार्यान्वयन गर्ने निकायले प्रदेश सरकार अन्तर्गतको इकाईको रुपमा प्रदेश कानून बमोजिम लेखा राख्ने, लेखापरीक्षण गराउने र प्रतिवेदन गर्ने समेतको वित्तीय उत्तरदायित्व बहन गर्नु पर्नेछ।

८. <u>अख्तियारी तथा कार्यक्रम स्वीकृति:</u> (१) यस ऐन बमोजिम विनियोजित रकमको खर्च गर्ने अख्तियारी प्रचलित कानूनको



मन्त्री

अधीनमा रही यो ऐन प्रारम्भ भएको मितिदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई असोज मसान्तभित्र आयोगको सिफारिसमा बाँडफाँट गरी मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ र सो को जानकारी मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ। सो समयावधिभित्र बाँडफाँट नगरेमा मन्त्रालयले बाँडफाँट गरी अख्तियारी प्रदान गर्न सक्नेछ।

तर एकमुष्ट रुपमा विनियोजन भएको रकम एक पटक बाँडफाँट गरेपछि पुनः रकमान्तर वा कार्यक्रम संशोधन गर्न पाइने छैन।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।





(५) प्रचलित प्रदेश कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(६) बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको त्रैमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले विषयगत मन्त्रालय मार्फत मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम संशोधन भएको जानकारी मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ।

(८) विषयगत मन्त्रालय, आयोग, सचिवालय वा निकायबाट स्पष्ट कारण र औचित्य खुलाई स्वीकृत वार्षिक विकास कार्यक्रममा समावेश भएको कार्यक्रम संशोधनका लागि अनुरोध गरेमा आयोगको सिफारिसमा मन्त्रालयले संशोधन गर्न सक्नेछ।

तर स्थानीय तहमा हस्तान्तरित कार्यक्रम संशोधन गर्दा आयोगको सिफारिस आवश्यक पर्ने छैन।

(९) उपदफा (८) बमोजिम कार्यक्रम संशोधन गर्दा स्वीकृत वार्षिक विकास कार्यक्रममा समावेश भएका आयोजना संशोधन गरी नयाँ आयोजना समावेश गर्न तथा पाइने छैन।

मन्त्री

साथै उपभोक्ता समितिमार्फत सञ्चालित आयोजनामा रकम थप गर्न पाइने छैन।

(१०) स्थानीय तहमा हस्तान्तरण भएका सशर्त, समपूरक र विशेष अनुदानतर्फका कार्यक्रमको संशोधन गर्नुपर्ने भएमा सो को स्पष्ट कारण र पुष्ट्याई सहित कायम हुने आयोजनाको लागत अनुमान र सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय समेत पेश गर्नु पर्नेछ। सशर्त, समपूरक र विशेष अनुदानको रकम बचत रहेमा अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन। त्यस्तो रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

९. <u>निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने:</u> यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएका कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक पर्ने देखिएमा मन्त्रालयको समहति लिई प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले कार्यविधि बनाउन सक्ने सक्नेछ। त्यस्तो कार्यविधि स्वीकृत भएको सात दिनभित्र वेबसाइटमा राख्नु पर्नेछ।






(३) उपदफा (१) बमोजिमको निर्देशिका, कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(४) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने सम्बन्धमा मन्त्रालयले आवश्यक मार्गदर्शन जारी गर्न सक्नेछ।

१०. <u>बाधा अड्काउ फुकाउन सक्नेः</u> (१) यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले आवश्यक आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्रदेश राजपत्रमा प्रकाशित गर्नु पर्नेछ।



अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

<u>नेपालको संविधान बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम</u>

(रु. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **अनुदान सङ्ख्या** | **निकायको नाम** | **चालु खर्च** | **पुँजीगत खर्च** | **जम्मा** |
| १. | २०२ | प्रदेश सभा सचिवालय (प्रदेश सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा) | ७३४२ | ० | ७३४२ |
| २. | २१० | प्रदेश लोक सेवा आयोग (अध्यक्ष र सदस्यको पारिश्रमिक र सुविधा) | ४८०१ | ० | ४८०१ |
| **जम्मा** | | | १२१४३ | ० | १२१४३ |

मन्त्री

अनुसूची-२

(दफा ३ र दफा ४ को उपदफा (१) र (२) सँग सम्बन्धित)

**<u>प्रदेश सञ्चित कोषबाट विनियोजित हुने रकम</u>**

**(रु. हजारमा)**

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **अनुदान सङ्ख्या** | **निकायको नाम** | **चालु खर्च** | **पुँजीगत खर्च** | **जम्मा** |
| १. | २०२ | प्रदेश व्यवस्थापिका | १३१९२६ | ११६५० | १४३५७६ |
| २. | २१० | प्रदेश लोक सेवा आयोग | ९४२९४ | १०९०० | १०५१९४ |
| ३. | २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १७१७९ | ४५० | १७६२९ |
| ४. | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५७३८२३ | १३००४८२ | १८७४३०५ |
| ५. | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १७३२९० | १९४५० | १९२७४० |
| ६. | ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ९४६३२९ | ११९४९४४ | २१४१२७३ |
| ७. | ३०८ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | २७२५८८ | ३२६७१५० | ३५३९७३८ |
| ८. | ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १५१२०९० | ६००६१५ | २११२७०५ |
| ९. | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २७२५२१ | ७१५०० | ३४४०२१ |
| १०. | ३३७ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | २७८७१८ | ९८३५५४३ | १०११४२६१ |
| ११. | ३५० | सामाजिक विकास मन्त्रालय | ३१७७१२६ | २७६३५५९ | ५९४०६८५ |
| १२. | ३९१ | कर्णाली प्रदेश योजना आयोग | ३९९९७ | १००० | ४०९९७ |
| १३. | ५०१ | आर्थिक मामिला तथा योजना मन्त्रालय (अर्थ-वित्तीय व्यवस्था) | २५०००० | ० | २५०००० |
| १४. | ६०२ | आर्थिक मामिला तथा योजना मन्त्रालय (अर्थ-विविध) | १२५०००० | ५००००० | १७५०००० |
| १५. | ८०१ | स्थानीय तह | ४८००४४० | ० | ४८००४४० |
| | | **कुल जम्मा** | **१३७९०३२१** | **१९५७७२४३** | **३३३६७५६४** |



मन्त्री

**आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यको लागि कर्णाली प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी**

| क्र.सं. | दफा | दफा/शीर्षक | व्याख्यात्यम्क टिप्पणी |
|---|---|---|---|
| १ | – | प्रस्तावना | विधेयक बनाउनको कारण एवम् त्यसको उद्देश्य स्पष्ट पार्न। |
| २ | १ | संक्षिप्त नाम र प्रारम्भ | विधेयकको नाम उद्धरण लागि सजिलो बनाउन। |
| ३ | २ | परिभाषा | विधेयकमा प्रयोग भएको लामो शब्दलाई छोटकरीमा उल्लेख उल्लेख गर्न र अर्थ स्पष्ट पार्न। |
| ४ | ३ | आर्थिक वर्ष २०८०/०८१ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार | प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम सम्बन्धी व्यवस्था गर्न। |
| ५ | ४ | विनियोजन | यस ऐन मार्फत विभिन्न निकायले प्राप्त गर्ने रकम उल्लेख गर्न। |
| ६ | ५ | अन्तर सरकारी वित्तीय हस्तान्तरण | वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन। |

मन्त्री

| | | | |
|---|---|---|---|
| ७ | ६ | आयोजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्था | बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन। |
| ८ | ७ | लेखाङ्कन, प्रतिवेदन तथा लेखा परीक्षण | लेखा तथा लेखापरीक्षण प्रणालीलाई व्यवस्थित बनाउन। |
| ९ | ८ | अख्तियारी तथा कार्यक्रम स्वीकृति | विनियोजित रकम खर्च गर्ने स्वीकृति सम्बन्धमा व्यवस्था गर्न। |
| १० | ९ | निर्देशिका,कार्यविधि तथा मापदण्ड बनाउन सक्ने | विधेयकलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न। |
| ११ | १० | बाधा अड्काउ फकाउन सक्ने | विधेयकमा भएको बाधा अड्काउलाई फुकाई सहज बनाउन। |
| १२ | - | अनुसूचीहरु | विधेयकका विभिन्न दफामा गरिएको व्यवस्थालाई पूर्णता दिन। |

बेद राज सिंह
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय
कर्णाली प्रदेश, सुर्खेत